NEPALLIFE सुरक्षा र समृद्धि

# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## आ.ब ०७२/७३ को दोस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | २९,४४८,९६९,४४८ | २७,४८०,८३३,२६५ | २२,१४५,५१४,३०८ |
| १.१ | चुक्ता पूँजी | १,७३४,०००,००० | १,७३४,०००,००० | १,०८३,७५०,००० |
| १.२ | जगेडा तथा कोष | २६५,४९४,८६१ | १३४,७४१,१७९ | ६४१,६४७,३०८ |
| १.३ | जीवन बीमा कोष | २७,३५८,७३९,७४१ | २५,५२१,३५७,२४० | २०,३६४,६२१,४१४ |
| १.४ | महाविपत्ती कोष जगेडा | ९०,७३४,८४६ | ९०,७३४,८४६ | ५५,४९५,५८६ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | २९,४४८,९६९,४४८ | २७,४८०,८३३,२६५ | २२,१४५,५१४,३०८ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३२७,६३१,६२२ | ३३०,३२६,२९५ | ३३०,३०२,४०० |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | १५,४०६,१३६,७८९ | १०,४९५,०३४,८०७ | १४,२९३,६१५,६४५ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २,८३६,१७४,४६४ | २,५६२,०३७,९३२ | १,७०९,६४४,६०२ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | १०,८६६,८४८,५९१ | १४,०८१,२५६,२४९ | ५,७९२,४२२,७८५ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १२,१७७,९८२ | १२,१७७,९८२ | १९,५२८,८७६ |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | १२,०२८,९३८,४८६ | १५,२५९,७८०,४५२ | ६,८०५,७०३,२०३ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ७९,७६६,१६४ | ७६,००४,५८९ | ७५,३५७,६१८ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ९,९१९,०८१,६६८ | १३,२७८,९१७,५६४ | ५,२९९,८४८,१८१ |
| ३.३ | अन्य सम्पत्ति | २,०३०,०९०,६५३ | १,९०४,८५८,२९९ | १,४३०,४९७,४०५ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | १,१६२,०८९,८९५ | १,१७८,५२४,२०२ | १,०१३,२८०,४१९ |
| ४.१ | चालु दायित्व | ३८७,०८२,६२६ | ३७५,२१९,९१६ | २९७,६८१,४१८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ३१७,७८९,१८२ | ३९७,२३६,४७७ | ३९६,८५५,०३४ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २२८,२२९,१५४ | १९१,१५१,७८९ | ९१,६०४,८८२ |
| ४.४ | अन्य व्यवस्था | २२८,९८८,९३३ | २१४,९१६,०२० | २२७,१३९,०८५ |
| | **नाफा-नोक्सान हिसाब** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | २३७,८४७,५१९ | ८०,५३३,३४६ | २१९,६४९,३६४ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | १६१,४९९,८३१ | ३७,१०१,६३२ | १४४,०८३,४२८ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ७६,३४७,६८८ | ४३,४३१,७१५ | ७५,५६५,९३६ |
| १.४ | व्यवस्था फिर्ता | – | – | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ९३,८७९,५१७ | ६७,३१९,०२६ | ११९,३२५,५७७ |
| २.१ | व्यवस्थापन खर्च | २८,९१५,७६४ | १९,८२८,०५५ | २८,८५५,७५४ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | ४३,२३१,९७९ | ४२,५४६,४७५ | ७४,६५१,४२१ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | १५,०६१,५६१ | १,६५०,७८३ | १०,५५८,३२१ |
| २.७ | आयकर | ६,६७०,२१३ | ३,२९३,७१४ | ५,२६०,०८१ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | १४३,९६८,००२ | १३,२१४,३२० | १००,३२३,७८७ |
| | **एकिकृत आय-व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ५,७१८,८२४,६९२ | ३,१३६,९६५,८०९ | ४,८५२,०५१,३१० |
| १.१ | बीमाशुल्क (खुद) | ४,०७३,२५१,१११ | १,९९९,४०६,३०४ | ३,५३१,३९६,८०३ |
| १.२ | पुनर्बीमा कमिशन आय | – | १,०००,००० | ८,८५०,००० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ९०९,१६६,११० | ४८८,७३८,२३३ | ७६८,००९,५०२ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १३४,६०८,४४२ | ६३,३०९,९०६ | ८७,२११,५०६ |
| १.५ | अन्य प्रत्यक्ष आय | ३१,०१०,७२२ | १३,७२३,०५९ | २०,८५३,७३६ |
| १.६ | यस वर्षको सुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १७३,५५१,८३० | १७३,५५१,८३० | ७८,३८८,२६३ |
| १.७ | यस वर्षको सुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३९७,२३६,४७७ | ३९७,२३६,४७७ | ३५७,३४१,५०० |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १,९५२,९०८,५५३ | १,३३२,८३०,३७० | १,६७५,१७८,००८ |
| २.१ | दाबी भुक्तानी (खुद) | ५५४,२७९,९५३ | २७३,६२१,०२३ | ४२३,०९०,९८६ |
| २.२ | अभिकर्ता कमिशन | ४५८,६८४,१९३ | २२८,१७१,६९१ | ४०७,५८३,८७६ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | १,६९५,३६३ | ९०४,७८९ | ३,७८६,४२८ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ४०,७३२,५११ | १९,९९४,०६३ | ३५,३१३,९६८ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | – | – | – |
| २.७ | व्यवस्थापन खर्च | २६०,२४१,८७६ | १७८,४५२,४९३ | २५९,७०१,७८७ |
| २.८ | आयकर | ९१,२५६,३२१ | ४३,२९८,०४५ | ५७,२४१,०४७ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत | २२८,२२९,१५४ | १९१,१५१,७८९ | ९१,६०४,८८२ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ३१७,७८९,१८२ | ३९७,२३६,४७७ | ३९६,८५५,०३४ |
| ३ | बचत (१-२) | ३,७६५,९१६,१३९ | १,८०४,१३५,४३९ | ३,१७६,८७३,३०१ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ३,६०४,४१६,३०९ | १,७६७,०३३,८०८ | ३,०३२,७८९,८७३ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | १६१,४९९,८३१ | ३७,१०१,६३२ | १४४,०८३,४२८ |
| | **अन्य विवरण** | | | |
| १. | कुल बीमाशुल्क आर्जन रकम (रू. हजारमा) (हाल सम्म) | ३४,०३३,०७५ | ३१,९३०,६७५ | २५,४१६,९६३ |
| | कुल बीमाशुल्क आर्जन रकम (रू. हजारमा) (यस आ.व.) | ४,१३२,१७७ | २,०२९,७७७ | ३,६०८,४७६ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,०२१,३२४ | १,०३२,५५९ | ९८५,५९६ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (६९-७० को) | प्रति हजार रु. ६२/- देखि रु.८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७०-७१ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ५५४,२८० | २७३,६२१ | ४३६,३०७ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | ८,७९८ | ६,४६४ | ९,०२४ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | २२८,२२९ | १९१,१५१ | ९१,६०४ |

दृष्टव्य:

१) माथी उल्लेखित मुनाफामा कम्पनीको आ.व. २०७१/७२ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा बीमाङ्कीय मूल्याङ्कनको परिणाम पश्चात समावेश गरिने छ

२) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।

३) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७२/०७३ को दोस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) दोस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७२/१०/२८ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु :

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १६.६१ | प्रति शेयर नेटवर्थ : १२०.५४ | पि.ई. अनुपात : १९८.७९ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १८७.५६ | औसत प्रतिफल दर : ७.७२ |

*उपरोक्त वित्तिय अनुपातहरुमा आ.व ०७१/७२ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

कम्पनीको यस त्रैमासिक अवधिसम्म रु.१४.४० करोड नाफा रहेको छ जसमा आ.व. २०७१।७२ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा थप हुनेछ । सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. ३६०.४४ करोड जीवन वीमा कोषमा सारी कुल जीवन वीमाकोष रु.२,७३५.८७ करोड भएको छ

२) व्यवस्थापकिय विश्लेषण:

क) कम्पनीको दोस्रो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.४१३.२२ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. ३६०.८३ करोडको तुलनामा १४.५२ प्रतिशतले बृद्धी भएको हो । कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योगदान मिलेको छ । कम्पनीले यस दोस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ५५.४३ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ । कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ ।

कम्पनीले दोस्रो त्रैमासिक अवधिसम्ममा रु. २८.१६ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. २१.३० अर्व मा ३२.२१ प्रतिशतको बृद्धी हो । विधमान वजारमा लगानीको प्रतिफल अति न्यून हुदै गई रहेको अवस्थामा पनि कम्पनीले विगतका बर्षहरुमा उच्च ब्याज दरमा दिर्घकालिन लगानी गरेको कारण यस आ.व. २०७२/७३ को औसत प्रतिफल समेत उत्साहजनक रहेको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त दोस्रो वीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।













* आ.व. २०७२/७३ मा दोस्रो त्रैमासिक अवधिसम्मको मात्र कुल लगानी तथा जीवन वीमाकोष उल्लेख गरीएको छ ।

ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण: क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं। ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु ३,५२० | न्यूनतम मूल्य : रू. २,८०० | अन्तिम मूल्य : रू. ३,३०१ | कारोबार संख्या : २,१५,१६१ कित्ता | कारोबार दिन : ५७ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ । जीवन वीमा क्षेत्रको विस्तारित बजारका वावजुद विनाशकारी भुकम्प तथा नाकाबन्दी लगायतका कारणहरुले सर्वसाधारणको क्रय शक्ति न्यून भएको तथा सीमित क्षेत्रमा केन्द्रित तीव्र प्रतिस्पर्धाले केही चुनौतीहरु सृजना गरेका छन् । अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यद्पी वीमा समितिवाट हालै जारी लगानी नीतिले लगानी विविधिकरणमा सुधार पुर्‍याउने देखिन्छ । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

८) नियम २२ (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण: बार्षिक साधारण सभा २०७२ पौष मसान्तभित्र सम्पन्न हुन नसक्ने परिस्थितिको बारे नेपाल धितोपत्र बोर्डमा जानकारी गराइएको ।


रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np


किनकि जीवन अमूल्य छ...